# खाद्यान्न संहितासम्बन्धी जानकारीमूलक सामग्री #35

तपाईंले संहिताका बारेमा थाहा पाइराख्नुपर्ने कुराहरू

WWW.HEALTHOREGON.ORG/FOODSAFETY

# मोबाइल फुड युनिटको फोहोर पानी फाल्ने

**OAR 333-150-0000, परिच्छेद 5-402.14**

**मोबाइल फुड युनिटका फोहोरहरू हटाउने**

मोबाइल फुड युनिटबाट फोहोर पानी र अन्य तरल फोहोरहरूलाई स्वीकृत फोहोर प्रशोधन क्षेत्रमा वा फोहोर पानी बोक्ने गाडीद्वारा जनस्वास्थ्य जोखिम वा बाधा नपर्ने गरी फाल्नुपर्ने छ । Pf

(A) भाँडा माइदा, कपडा धुँदा तथा नुहाउँदा निस्कने फोहोर पानी मात्र निकाल्ने मोबाइल फुड युनिटहरूले त्यस्ता फोहोरहरूलाई नियामक निकायद्वारा स्वीकृत गरिएको फोहोर फाल्ने निश्चित स्थानसम्म बोकेर फाल्न सक्छन् ।

(B) फोहोर बोक्ने कन्टेनर अनिवार्य रूपमा नचुहिने वा नपोखिने गरी फोहोर पानी बोक्न मिल्ने गरी बनाइएको हुनुपर्छ र 20 ग्यालनभन्दा बढी क्षमताको हुनुहुँदैन । Pf

**जनस्वास्थ्यसँग सम्बन्धित कारणहरू:**

राज्यभरि नै मोबाइल युनिटहरूसँग नजोडीकन वरिपरि भुइँमा रहने सामग्रीहरू चुनौती बनेका छन् जसले गर्दा ती सामग्रीहरू किराफट्याङ्ग्रा र मुसाहरूको बासस्थान बनेका छन् । यस कारणले गर्दा नियम सल्लाहकार समितिका सदस्यहरूको सहयोगमा यी उल्लङ्घनहरूमा कानुन कार्यान्वयन गर्ने कार्यलाई अझ बढाएका छौँ ।

यसका अतिरिक्त, युनिटसँग नजोडीकन राखिएका पानीका ट्याङ्कीहरू जनस्वास्थ्य समस्या बनेका छन् जसले गर्दा फोहोर पानी पोखिँदा र युनिट भएकै ठाउँमा गलत तरिकाले फोहोरहरू फाल्दा आकाशे पानी बग्ने ढल दूषित पार्ने र हाम्रा ताल तथा नदीहरू प्रदूषित हुने गर्छन् ।

## पृष्ठभूमि

केही मोबाइल फुड युनिट र मोबाइल युनिट पडहरूले आफ्नो फोहोर पानी जम्मा गर्नका लागि जमिनभन्दा माथि राखिएका ठूला फोहोर पानी जम्मा हुने ट्याङ्कीहरू प्रयोग गरिरहेका छन् ।

जमिन माथि राखिएका यी भण्डारण ट्याङ्कीहरूलाई नियमअनुसार कहिले पनि अनुमति प्रदान गरिएको छैन र तिनको प्रयोगले पोखिने, चुहिने र मुसा तथा किराफट्याङ्ग्राहरूलाई पानी उपलब्ध गराउने जस्ता समस्याहरू उत्पन्न गराउँछन् ।



मोबाइल फुड युनिटका सञ्चालक, साझेदार तथा नियामकहरूसँग छलफल गरिसकेपछि अनुमति प्रदान नगरिएका यी ट्याङ्कीहरूमा कानुन कार्यान्वयनका लागि अनुमति प्रदान गर्न खाद्य स्वच्छता नियमहरूलाई अझ सशक्त बनाइएको थियो ।

**यस नियमको अनुपालन गर्नका लागि योजना तयार गर्न आफ्नो स्थानीय निरीक्षकसँग तुरुन्तै कुरा गर्नुहोस् । अनुपालन योजनाहरूका उदाहरणहरू अनलाइनमा यहाँ उपलब्ध छन्: https://www.oregon.gov/OHA/PH/HEALTHYENVIRONMENTS/FOODSAFETY/Pages/mobile.aspx**

## फाल्ने विधिहरू

फोहोर फाल्नका लागि राज्यभरि नै विभिन्न विकल्पहरू छन् । केही उदाहरणहरूमा निम्न लगायत पर्दछन्:

- आफ्नो मोबाइल फुड युनिटलाई स्वीकृत फोहोर फाल्ने ठाउँमा गाडी चलाएर लैजाने ।
- क्षमता बढाउनका लागि आफ्नो मौजुदा ट्याङ्कीमा दोस्रो फोहोर पानी जम्मा हुने ट्याङ्की युनिटसँग जोडिने गरी थप्ने ।
- स्वीकृत ढल निकास प्रणालीमा जोड्ने ।
- RV डम्पिङ स्टेसनहरू ।
- तपाईंको इजाजतप्राप्त कमिसरीमा मोप सिन्क ।
- इजाजतप्राप्त होलरद्वारा ट्याङ्कीहरू पम्पिङ गर्ने ।
- भाँडा माइदा, कपडा धुँदा तथा नुहाउँदा निस्कने फोहोर पानी नचुहाईकन वा नपोखाईकन बोक्न/फाल्नका लागि तयार गरिएका 20 ग्यालन क्षमताका ट्याङ्कीहरूमा फोहोर पानी बोक्ने । प्लास्टिकका बाल्टी वा अन्य कन्टेनरहरू प्रयोग गर्न मनाही छ ।



***हातले बोक्ने कन्टेनरहरू 20 ग्यालनभन्दा बढी क्षमताको हुनुहुँदैन । सञ्चालकहरूले आवश्यक परेमा एकभन्दा बढी कन्टेनरहरू पनि प्रयोग गर्न सक्छन् तर तिनलाई अनिवार्य रूपमा दिनहुँ खाली गर्नुपर्छ ।***



Oregon Health Authority

**आफ्नो क्षेत्रमा इजाजतप्राप्त पम्पर (पम्प चलाउने व्यक्ति) फेला पार्नेः**

https://www.deq.state.or.us/wq/onsite/sdssearch.asp

यदि तपाईंको होलरको उपकरणले तपाईंका साना ट्याङ्कीहरूमा एकदमै धेरै प्रेसर प्रदान गर्छ भने भ्याकुम नबनोस् भन्नका लागि तपाईंले पम्पिङ गर्ने बेला फोहोर पानी खाली गराउनका लागि यो जस्तो सानो कन्टेनर प्रयोग गर्ने बारेमा सोचविचार गर्न सक्नुहुन्छः



***यस प्रकारको कन्टेनर अनिवार्य रूपमा सजिलैसँग सार्न र दिनको अन्तमा युनिटभित्र राख्न सकिने खालको हुनुपर्छ।***

**ओरेगनभरि युनिटमा जोडिएको फोहोर पानी जम्मा हुने ट्याङ्की र बोकेर फाल्न मिल्ने कन्टेनरहरू खाली गराउन सकिने स्टेसन भएका स्थानहरूः**

https://www.rvdumps.com/category/dump-stations/?

https://rvshare.com/dumpstations/oregon

https://sanidumps.com/

https://www.campendium.com/oregon/dump-stations

यी साइटहरू मोबाइल फुड सञ्चालकहरूलाई स्रोतसाधनहरू फेला पार्नमा मद्दत गर्न उपलब्ध गराइएको छ तर OHA वा तपाईंको स्थानीय LPHA ले तिनलाई अनुमोदन वा स्वीकृत गरिएका छैनन्।

**अन्य विकल्पहरूः**

नयाँ स्थानमा फोहोर पानी फाल्नुभन्दा पहिले आफ्नो निरीक्षकबाट स्वीकृति प्राप्त गर्ने कुरा सुनिश्चित गर्नुहोस्।

***तपाईंको मालिक र तपाईंको निरीक्षकबाट अनुमति प्राप्त गरेर तपाईंले नजिकैको ग्रोसरी स्टोर, रेस्टुरेन्ट वा इजाजतप्राप्त अन्य सेवास्थलको मोप सिन्क पनि प्रयोग गर्न सक्नुहुन्छ।***

***फोहोर पानी जम्मा गर्ने ट्याङ्कीहरूलाई पिकअप ट्रकको पछाडि जस्ता अन्य गाडीहरूमा राख्न पाइने छैन। युनिटमा जोडेर नराखिएका सबै ट्याङ्कीहरूलाई हरेक दिनको अन्तमा अनिवार्य रूपमा खाली गराइनुपर्छ।***